**नियमावली संख्या ...........**

# ‘घ’ वर्गको निर्माण व्यवसाय इजाजतपत्र दिने सम्वन्धमा ब्यवस्था गर्न बनेको नियमावली, २०७५

इटहरी उपमहानगरपालिका

**इटहरी उपमहानगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**इटहरी, सुनसरी**

# इटहरी उपमहानगरपालिकामा 'घ' वर्गको निर्माण व्यवसाय इजाजतपत्र दिने सम्वन्धमा व्यवस्था गर्न बनेको नियमावली, २०७५

**प्रस्तावना:** निर्माण व्यवसायमा संलग्न 'घ' बर्गका कम्पनी वा फर्महरुको दर्ता गर्ने, इजाजत दिने र नविकरण गर्ने कार्यलाई ब्यवस्थित गर्न इटहरी उपमहागरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ३ बमोजिम यो नियमावली बनाउन बाञ्छनीय भएकाले इटहरी उपमहागरपालिकाको नगरकार्यपालिकाले यो नियमावली बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (क) यस नियमावलीको नाम "इटहरी उपमहानगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसाय इजाजतपत्र सम्बन्धी नियमावली, २०७५" रहेको छ ।

(ख) यो नियमावली कार्यपालिकाबाट स्वीकृत भएपछि लागू हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

(क) "प्रमुख" भन्नाले इटहरी उपमहानगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

(ख) "उपप्रमुख" भन्नाले इटहरी उपमहानगरपालिकाको उपप्रमुख सम्झनु पर्छ ।

(ग) "समिति" भन्नाले यस नियमावलीको नियम ७ बमोजिम गठित समितिलाई सम्झनु पर्छ ।

(घ) "कार्यपालिका" भन्नाले इटहरी उपमहानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले इटहरी उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(च) "निर्माण ब्यवसायी" भन्नाले निर्माण ब्यवसाय सञ्चालन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम दर्ता भएको 'घ' वर्गको निर्माण व्यवसायीलाई सम्झनुपर्छ, सो शब्दले नगर कार्यपालिकाबाट इजाजत प्राप्त निर्माण व्यवसायीलाई समेत जनाउँछ र त्यस्ता निर्माण ब्यवसायिको कार्यक्षेत्र नेपालभर हुनेछ ।

(छ) "इजाजतपत्र" भन्नाले यस नियमावली बमोजिम इजाजत पाएको प्रमाणपत्रलाई सम्झनु पर्दछ र सो शब्दले यस नियमावली बमोजिम नविकरण गरी दिईएको प्रमाणपत्रलाई समेत जनाउँछ ।

३. **इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने :** प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक यस नियमावली बमोजिम इजाजतपत्र प्राप्त नगरी वा नविकरण नगरी निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन । यदि कसैले यस नियमावली बमोजिम इजाजतपत्र प्राप्त नगरी वा नविकरण नगरी निर्माण व्यवसायीको नामबाट निर्माण कार्यमा संलग्न भएको पाईएमा त्यस्तो कार्य तत्काल रोक्का गरी बढीमा रु. एक लाख रुपैयासम्म जरीवाना हुन सक्नेछ ।

४. **नयाँ इजाजतपत्र सम्वन्धी व्यवस्था :** (१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले निर्माण ब्यवसाय इजाजतपत्रको लागि अनुसूची-१ बमोजिमको ढाँचामा नगर कार्यपालिकाको कार्यालयमा दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पर्न आएका दरखास्तहरु अनुसूची-५ बमोजिमको योग्यता भए नभएको, कर्मचारी र मेशिनरी औजार उपकरण भए नभएको लगायतका विषयमा जाँचबुझ गरी प्रमुख प्रशासकीय अधिकृतले प्रस्ताव गरेको विषयमा समितिले आवश्यक निर्णय गर्नेछ ।

(३) उपनियम (२) बमोजिम इजाजत पत्र दिन उचित छ भनी निर्णय भएपश्चात् अनुसूची -३ बमोजिमको ढाँचामा इजाजत पत्र प्रदान गरिनेछ ।

(४) उपनियम (३) बमोजिमको इजाजत पत्र दिँदा लाग्ने दस्तुर अनुसूची -२ बमोजिम हुनेछ ।

**५. <u>इजाजतपत्रको अवधि र नविकरण</u>** : (१) नियम ४ को उपनियम (३) बमोजिम प्रदान गरिएको इजाजतपत्र यो नियमावली वा प्रचलित कानून खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक प्रत्येक आर्थिक वर्षको असार मसान्तसम्म मात्र मान्य हुनेछ ।

(२) उपनियम (१) बमोजिमको अवधि सकिएको तीन महिनाभित्र निर्माण व्यवसायीले प्रचलित कानून बमोजिम तिर्नुपर्ने कर तिरी सो को प्रमाण स्वरुप सम्बन्धित कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित नगरपालिकावाट अनुसूची-२ वमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ । इजाजत पत्र नविकरण गर्न नगरपालिकामा कागजात पेश गर्दा अनुसूची-४ वमोजिमको पास वुक भरी सो फर्म वा कम्पनीले अघिल्लो आर्थिक वर्षमा आफुले गरेका कार्यको अद्यावधिक विवरण समेत पेश गर्नु पर्नेछ । सो वमोजिमको पासवुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नविकरण गर्न नगरपालिका वाध्य हुनेछैन ।

(३) उपनियम (२) बमोजिमको म्याद सकिएको छ महिनाभित्र सबै प्रकृया पुरा गरी निर्माण व्यवसाय इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीबाट अनुसूची-२ बमोजिमको थप दस्तुर लिई आवश्यक जाँचबुझ गरी नविकरण गर्न सकिनेछ ।

**६. <u>इजाजतपत्रको खारेजी</u> :** (१) देहायको अवस्थामा नगरपालिकाले निर्माण व्यवसाय इजाजतपत्र खारेज गर्न सक्नेछ :

(क) तोकिए बमोजिमको मेशिनरी उपकरण, प्राविधिक कर्मचारी र आवश्यक साधन श्रोत नभएको वा झुट्टा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको भेटिएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने उद्देश्यले नेपाल सरकार वा प्रदेश सरकार वा नगरपालिका वा अन्य संगठित संस्थामा झुट्टा विवरण पेश गरेमा वा त्यस्तो व्यहोरा जानकारीमा आएमा,

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता बमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको भनी सम्वन्धित निकायवाट लेखी आएमा,

(२) उपनियम (१) को खण्ड (क), (ख) र (ग) बमोजिमको अवस्थाको प्रमुख प्रशासकीय अधिकृतले छानविन गर्ने गराउने काम सम्पन्न गरी छानविनबाट इजाजतपत्र खारेज गर्नु पर्ने वा नपर्ने सम्वन्धमा अध्ययन गरी स्पष्ट राय सहितको प्रतिवेदन समिति समक्ष प्रस्तुत गर्नेछ ।

(३) उपनियम (२) बमोजिमको प्रतिवेदनको सम्वन्धमा समितिले आवश्यक निर्णय गर्नेछ र त्यस्तो निर्णय उपर चित्त नबुझ्ने पक्षले निर्णय थाहा पाएको मितिले २१ दिनभित्र कार्यपालिका समक्ष पुनरावेदन गर्न सक्नेछ ।

(४) नियम ५ को उपनियम (३) बमोजिमको म्यादभित्र पनि नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(५) उपनियम (१) वा (४) बमोजिम इजाजतपत्र खारेज भएकोमा नगर कार्यपालिकाको कार्यालयले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति र कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

**७. <u>समिति सम्वन्धी व्यवस्थाः</u>** (१) "घ" वर्गको निर्माण व्यवसाय इजाजत पत्रको व्यवस्थापन गर्ने सम्वन्धमा देहाय बमोजिम एक निर्माण व्यवसाय इजाजत पत्र समिति रहनेछ :

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| (ख) नगर प्रमुखले तोकेको मेकानिकल इन्जिनियर | सदस्य |
| (ग) प्रतिनिधि, नेपाल निर्माण व्यवसायी संघ, सुनसरी | सदस्य |
| (घ) प्राविधिक शाखा वा महाशाखा प्रमुख | सदस्य-सचिव |

(२) उपनियम (१) बमोजिमको समितिले निर्माण व्यवसाय इजाजत पत्र दिने, नविकरण गर्ने, अनुगमन तथा नियमन गर्ने वा इजाजत पत्र खारेज गर्ने सम्वन्धमा आवश्यक निर्णय गर्नेछ ।

(३) उपनियम (१) बमोजिमको समितिले गरेको निर्णय प्रमुख प्रशासकीय अधिकृतले कार्यान्वयन गर्ने गराउनेछ र त्यस्तो निर्णय उपर चित्त नबुझ्ने पक्षले निर्णय थाहा पाएको मितिले २१ दिनभित्र कार्यपालिका समक्ष पुनरावेदन गर्न सक्नेछ ।

८. **इजाजतपत्रको प्रतिलिपी दिने व्यवस्था :** कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराएको वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपी पाउन निवेदन गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी दिन सकिनेछ ।

९. **प्रचलित कानून बमोजिम हुने :** यस नियमावलीमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

११. **उजुरी सम्वन्धी व्यवस्थाः** यस नियमावली बमोजिम नगर कार्यपालिकाको तर्फबाट कार्यपालिका स्वयं वा समिति वा अधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने पक्षले निर्णय थाहा पाएको ३५ दिनभित्र सम्वन्धित जिल्ला अदालतमा मुदा दायर गर्न सक्नेछ र जिल्ला अदालतले गरेको निर्णय अन्तिम हुनेछ ।

**१२. बचाउः** यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका निर्माण व्यवसाय सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिएको इजाजतपत्र यसै नियमावली बमोजिम दिएको मानिनेछ ।

इटहरी उपमहानगरपालिका

अनुसूची-१
(नियम ४ को उपनियम (१) सँग सम्वन्धित)



दरखास्त-
वालाको फोटो

ईजाजत पत्रको लागि दिईने दरखास्त फाराम

**विषयः इजाजत पत्र पाउँ ।**

श्री इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी ।

सार्वजनिक निर्माण कार्य गर्नको लागि इटहरी उपमहानगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसाय इजाजतपत्र सम्वन्धी नियमावली, २०७५ बमोजिम ईजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

१. **दरखास्त पेश गर्ने फर्म वा कम्पनीको** :

नामः
ठेगानाः
पोष्ट बक्सः
टेलिफोन नं : फ्याक्स नं : ईमेलः

२. फर्म वा कम्पनीको प्रकृति

प्राईभेट लिमिटेड कम्पनी पब्लिक लिमिटेड कम्पनी
एकलौटी साझेदारी

३. **सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारिक व्यक्तिको**:

नाम थरः
ठेगानाः
टेलिफोन नं : फ्याक्स नं : ईमेलः

४. **फर्म वा कम्पनीको विवरणः**

दर्ता नं.: दर्ता मितिः
अधिकृत पुँजीः जारी पूँजीः
दर्ता गर्ने कार्यालयको नाम र ठेगानाः

५. **इजाजतपत्र लिन चाहेको वर्गः** 'घ' वर्ग
६. **समूहिकरण हुन चाहेको समूहः**

७. **आर्थिक श्रोतको विवरणः**

इटहरी उपमहानगरपालिका

| विवरण | रकम | वित्तीय संस्था/बैंकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्धती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लेखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

८. **कामदारको विवरणः**

(क) प्राविधिक :

(ख) अप्राविधिक :

(ग) अन्य :

**द्रष्टव्य** :

(१) प्राविधिक कर्मचारीको शैक्षिक प्रमााणपत्रको प्रतिलिपि तथा निजको नेपाल ईन्जिनियरिङ काउन्सिलको सदस्यता प्रमाणपत्र पनि पेश गर्नु पर्नेछ ।

(२) फर्म दर्ता हुँदाका बखत प्रोपाइटरको नाममा चल्ती खातामा न्युनतम रु. ५,००,०००/– ( पाँच लाख) मौज्दात भएको प्रमाण पेश गर्नुपर्नेछ ।

अनुसूची - २

(नियम ४ को उपनियम (४), नियम ५ को उपनियम (२) र (३) तथा नियम ८ सँग सम्वन्धित)

आवेदन दस्तुर रु १,०००/-(नयाँ जारी गर्दा)

| क्र.सं. | निर्माण व्यवसायीको वर्ग | ईजाजत पत्र दस्तुर | नविकरण दस्तुर | इजाजतपत्र नविकरण दस्तुर | | ईजाजतपत्र प्रतिलिपि दस्तुर |
|---|---|---|---|---|---|---|
| | | | | ३ महिनासम्म | ६ महिनासम्म | |
| १ | "घ" | २०,०००/- | १५००/- | २२५०/- | ३०००/- | ५००/- |

इटहरी उपमहानगरपालिका

## अनुसूची - ३

(नियम ४ को उपनियम (३) सँग सम्बन्धित)

### इजाजत पत्र

इजाजत पत्र नं. मितिः …………………

इटहरी उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यलय

इटहरी, सुनसरी ।

इटहरी उपमहानगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसाय इजाजतपत्र सम्वन्धी नियमावली, २०७५ बमोजिम निर्माण व्यवसाय गर्न ……………………………………………………………………………… स्थित कार्यालय भएको …………………… ……………………………………… फर्म वा कम्पनीलाई इजाजतपत्र प्रदान गरिएकोछ ।

इजाजतपत्र दिनेकोः

दस्तखतः

नामः

पदः

मितिः

इटहरी उपमहानगरपालिकाका

नगर कार्यपालिकाको कार्यालयः

नविकरणः

| नविकरण गर्ने अधिकारीको नाम | नविकरण गरेको मिति | नविकरण बहाल रहने अवधि | नविकरण दस्तूर भौचर नं. र मिति | नविकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |



इटहरी उपमहानगरपालिका

## अनुसूची - ४

(नियम ५ को उपनियम (२) सँग सम्बन्धित)

निर्माण व्यवसायीबाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण (पासबुक)

| क्र. सं. | आयोजना को नाम | सार्वजनिक निकायको विवरण | संयुक्त उपक्रमको नाम - यदि भएमा) | शेयर (%) | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समायवधि थप विवरण ( यदि भएमा) | Variation को विवरण ( यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) ठेक्का रकम | क) नामः | क) थप समयः | क) Variation पछिको Contract Amo unit | क) सम्पन्न रकम | क) अन्तिम ठेक्का रक | |
| | | | | | …… | …… | | | …… | …… | |
| | | | | | ख) सम्झौता मितिः | ख) पदन | क) नाम | क) Variation को निर्णय गर्ने पदाधिकारीको नाम | ख) सम्पन्न मिति | ख) सम्पन्न मितिः | |
| | | | | | …… | …… | …… | …… | …… | …… | …… |
| | | | | | ग)ठेक्का अवधि | ग) हस्ताक्षर | ख) पदः | ख)पदः | ग) सम्पन्न % | | |
| | | | | | | घ)छाप | ग) हस्ताक्षर | ग)हस्ताक्षर | घ)नाम : | घ)नामः | |
| | | | | | | | घ)निर्णय मितिः | घ)छाप | पदः | पदः | |
| | | | | | | | छाप | | हस्ताक्षर | हस्ताक्षर | |
| | | | | | | | | | छाप | छाप | |

इटहरी उपमहानगरपालिका

## अनुसुची-५
## (नियम ४ को उपनियम (२) सँग सम्बन्धित)

### <u>“घ” वर्गको निर्माण व्यवसायीको लागि आवश्यक न्युनतम योग्यता</u>

**१. <u>आर्थिक क्षमता</u>** : प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा दश लाख रुपैयाँको चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

**२.** <u>मुख्य जनशक्ति विवरण</u> : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्यशास्त्र वा अर्थशास्त्र बिषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

**३. <u>मेशीन र उपकरण</u>** :
- (क) ट्रिपर वा टयाक्टर एक थान
- (ख) मिक्स्चर एक थान
- (ग) Level Machine एक सेट
- (घ) वाटर पम्प दुई थान
- (ङ) भाइब्रेटर दुई थान

**द्रष्टव्य** :
१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।
२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।
३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा एक वर्षसम्म बेचबिखन गर्न पाइने छैन ।
४. बिस वर्षभन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि गर्न तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

इटहरी उपमहानगरपालिका